## श्री सर्वोच्च अदालतमा चढाएको

### निवेदन-पत्र

विषय – उत्प्रेषण, परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरी पाउँ।

मधेश प्रदेश बारा जिल्ला निर्वाचन क्षेत्र नं.२ बाट प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित तथा जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको अध्यक्ष वर्ष ६३ को उपेन्द्र यादवको वारेस जिल्ला सिरहा गोलवजार न.पा. वडा नं.३ मा बस्ने वर्ष ५८ को प्रकाश अधिकारी (मो.नं ९८०८५९४६६८) ——— १ } निवेद

विरुद्ध

निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौ, (फो नं ०१४२३३४९७) ——— १

उदयपुर जिल्ला, सुन्दरपुर न.पा. वडा नं ६ घर भै हाल का.जि.म.न.पा.वडा नं १० वुद्धनगर वस्ने अं वर्ष ६६ को अशोक कुमार राई, सम्पर्क नं ९८५१०८६६६६ ——— २

सप्तरी जिल्ला हनुमाननगर नगरपालिका वडा नं. ४ वस्ने वर्ष ७८ को नवल किशोर साह सुडी, सम्पर्क नं० ९८५११७६१२३ ——— ३

सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. २ वस्ने वर्ष ५८ की रन्जु झा, फोन:९८५११९५७०८ — ४

सिरहा जिल्ला, करर्जन्हा गा.पा वडा नं. २ वस्ने वर्ष ५४ को बीरेन्द्र प्रसाद महतो, सम्पर्क नं ९८०१०००२२ ——— ५

पर्सा जिल्ला मनयारी गा.पा. वडा नं. २ वस्ने वर्ष ४८ को प्रदिप यादव, सम्पर्क नं० ९८५५०२३४४८ ——— ६

बाँके जिल्ला, नेपलगञ्ज नगरपलिका वडा नं. ३ वस्ने वर्ष २९ कि हसिना खान, सम्पर्क नं० ९८५१३६४७८६ ——— ७

ताप्लेजुङ्ग जिल्ला, फुग्वलिङ गा.पा. वडा नं ४ वस्ने वर्ष ७६७ कि शुशिला श्रेष्ठ ——— ८

पूर्ण ठेगाना उल्लेख नै नगरि, काठमाण्डौ मात्र ठेगानाको रुपमा उल्लेख गरि गैर कानूनी रुपमा गठन गरिएको जनता समाजवादी पार्टी, सम्पर्क नं० ९८५१०८६६६६६ ——— ९ } वि

मुद्दाः- उत्प्रेषण, प्रतिषेध मिश्रित परमादेश

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ (१) बमोजिम निर्वाचन आयोगमा दल दर्ता कायम रहेको "जनता समाजवादी पार्टी नेपाल" नामक राजनैतिक दलको कार्यकारिणी समिति समेतको कुनै आधिकारिक बैठक बिना, दलको बहुमत केन्द्रीय कार्य समिति र कार्यकारिणी समितिका सदस्यहरुलाई कुनै सुचना जानकारी नै नदिई विपक्षी नं० २ देखि ८ सम्मका विपक्षहरुले मिति २०८१/०१/२३ गतेका दिन विपक्ष निर्वाचन आयोग समक्ष निष्कृय रहेको राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ (२) बमोजिम छुटै नयाँ दल दर्ताका लागि निवेदन प्रस्तुत गर्नु भएकोमा निस्कृय रहेको कानूनको हवाला दिँदै कानून विपरीत विपक्ष निर्वाचन आयोगबाट "जनता समाजवादी पार्टी" नामक राजनैतिक दल दर्ता गर्ने गरी मिति २०८१/०१/२४ गतेमा निर्णय भएकोबाट म निवेदक अध्यक्ष रहेको "जनता समाजवादी पार्टी नेपाल" लाई तथा म निवेदक समेतलाई नेपालको संविधानको धारा १६, १७(२)(क)(ग), १८, २०(८), २५ ले प्रदान गरेको मौलिक हकको उपभोग गर्न तथा धारा २६९ देखि २७२ बाट प्रदत विशेष संवैधानिक हकमा समेत आघात पर्न गएकोले र सोको विरुद्धमा अन्य बैकल्पिक उपचारको बाटो समेत नरहेकोले नेपालको संविधानको धारा ४६, १३३ (२), (३), कानून व्याख्या सम्बन्धि ऐन, २०१० को दफा ४ समेतको अधिनमा रही यो रिट निवेदन दायर गरेको छु। छुट्टै राजनैतिक दल दर्ता गर्ने गरी भएको निर्वाचन आयोगको निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारहरु समेत उत्प्रेषणको आदेशले बदर गर्दै दलको निर्णय विना दल त्याग गरि गएका विपक्षहरुको पद समेत समाप्त गर्ने गरी परमादेशको आदेश जारी हुनु पर्ने सम्बन्धमा निम्न व्यहोराको निवेदन गर्दछु।

क. बिपक्षीहरुलाई सम्वोधन गर्न सजिलो होस भन्ने हेतुले प्रस्तुत रिट निवेदनमा विभिन्न प्रकरणहरुमा विपक्षहरुको क्रम संख्याको आधारमा सम्वोधन गरिएको छ। साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई "ऐन" भनि र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ लाई "नियम" भनि सम्वोधन गरीएको छ।

**१. निवेदनसंग सम्बन्धित तथ्य निम्नानुसारको रहेको छ-**

क. म निवेदक प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित प्रतिनिधि सभाको सदस्यको हैसियतले जनताले दिएको जिम्मेवारीं इमान्दारीपूर्वक निर्वाह गर्दै आएको छु। सक्रिय राजनीतिज्ञ तथा जनप्रतिनिधिको नाताले मुलुकमा लोकतन्त्र, कानूनी शासन र मानव अधिकार प्रत्याभूति प्रति पूर्ण प्रतिबद्ध रहदै मुलुकमा विधिको शासन प्रतिको निष्ठालाई आत्मसात गर्दै आएको एक इमान्दार जनप्रतिनिधि तथा नेपाली नागरिक पनि हुँ।

ख. जनता समाजवादी पार्टी नेपाल मिति २०७७।०३।२८ गते विधिवत रुपमा दर्ता नं १५९ मार्फत निर्वाचन आयोगमा दर्ता भई राष्ट्रिय दलको रुपमा छुट्टै पहिचान बनाइ आफ्नो उद्देश्य अनुरुपको कार्य गर्दै आइरहेको राजनीतिक दल हो। र सो राजनीतिक दलको म निवेदक अध्यक्ष समेत रहेकोले अध्यक्षको हैसियत समेतले यो रिट निवेदन दायर गरेको छु।

ग. नेपाल सरकारको निर्णय बमोजिम विश्व जनसंख्या सम्वन्धि राष्ट्र संघीय सम्मेलनमा भागलिन संयुक्त राज्य अमेरिका जानु पर्ने भएकोले विपक्षी राजेन्द्र प्रसाद श्रेष्ठलाई म निवेदक अध्यक्ष रहेको "जनता समाजवादी पार्टी नेपाल" को कार्यवाहक अध्यक्ष तोकेको थिए। म निवेदक नेपाल सरकारको प्रतिनिधित्व गर्दै संयुक्त राष्ट्र संघीय कार्यक्रममा भाग लिन संयुक्त राज्य अमेरीकामा रही नै रहेको अवस्थामा विपक्ष नं० २ देखि ८ सम्मका विपक्षीहरुले जनता समाजवादी पार्टी नेपालको संसदिय दल तथा कार्यकारिणी समिति समेतको कुनै अधिकारिक बैठक बोलाउने गरी पार्टीमा छलफल वा सुचना नै नगरी विधान विपरित माननीय आशोक कुमार राई, राजेन्द्र श्रेठ, मा. नवल किशोर साह सुडी, मा. विरेन्द्र महतो, मा. रन्जु झा ठाकुर र मा. हसिना खानले गैर वैधानिक रुपमा विपक्ष निर्वाचन आयोगमा अप्रत्यासित रुपले राजनीतिक दल सम्वन्धि ऐन कानून, तथा दलको विधान समेतको विपरित दल दर्ता गर्न मिति २०८१/०१/२३ गते निवेदन दिएका रहेछन्। विपक्ष निर्वाचन आयोगमा छुट्टै दल दर्ता गर्न निवेदन पेश गरेको भन्ने सम्बन्धमा सञ्चार माध्यमबाट सुचना प्राप्त भए पश्चात म निवेदक अध्यक्षको हैसियतले विधि विपरीतको कार्यको सम्बन्धमा छुट्टै पत्रकार सम्मेलन मार्फत सर्वसाधारणलाई सुचित समेत गराउने कार्य गरेको छु।

घ. मिति २०८१/०१/२४ गते पार्टीको दैनिक कार्यदेखि आन्तरिक जीवन, राजनीतिक जीवन ठप्प पारी दलको गतिविधिमा दुरगामी प्रभाव र क्षति हुने गरी पार्टीलाई विभाजनको तहसम्मको एकपक्षीय रुपमा गुट उपगुट बनाई विधान विपरित एकपछि अर्को कार्य गरी आएकोले यस्तो कार्यलाई तत्काल रोक्न र पार्टीलाई कानून सम्मत विधि सम्मत सञ्चालन गरी पार्टीलाई जनमत र बहुमतको आधारमा सञ्चालनको लागि नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, राजनीतिक दल सम्बन्धी नियमावली, २०७४, दलको विधान, २०८० समेतको अनुकुल सञ्चालन गर्न गराउन आवश्यक रहेको अवस्थामा दलको बहुमत केन्द्रीय कार्य समिति र कार्यकारिणी समितिका सदस्यहरुलाई कुनै सुचना जानकारी नै नदिई विपक्षी नं० २ देखि ८ सम्मका विपक्षहरुले विपक्ष निर्वाचन आयोग समक्ष मिति २०८१/०१/२३ गतेका दिन राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ (२) बमोजिम छुटै दल दर्ताको निवेदन प्रस्तुत गर्नु भएको रहेछ। प्रचलनमा नै नरहेको कानून अनुसार छुट्टै नयाँ दल दर्ताको लागि आफू समक्ष निवेदन परेको अवस्थामा कानूनी प्रावधान विपरीत निवेदन परेको अवस्थामा दल दर्ता गर्न नमिल्ने भनि विपक्ष निर्वाचन आयोगबाट निर्णय हुनु पर्नेमा निवेदन दर्ता भएको २४ घण्टा पनि नबित्दै

मिति २०८१।०१।२४ गते गैर कानूनी माँगको आधारमा छुटै नयाँ दल दर्ता गर्ने गरी निर्णय भएको रहेछ। जुन कार्य विधि तथा कानूनी राज्यको मान्यता एवं त्यसले अवलम्व गरेको सिद्धान्त समेत विपरीत हुन गएको छ।

ङ. विपक्ष नं० २ देखि ८ सम्मका विपक्षीहरुको माँग बमोजिम विपक्ष नं १ बाट मिति २०८१।०१।२४ मा छुटै नयाँ दल गठन गर्ने सम्बन्धमा निर्णय गर्दा निम्न निर्णयाधार अवलम्वन गरेको देखिन्छ -

"यस आयोग समक्ष नेपालको संविधानको धारा २६९ राजनीतिक दल सम्वन्धि ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम दल दर्ता कायम रहेको जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलको केन्द्रिय समितिका वा संघीय संसदका बीस प्रतिशत सदस्य भै राजनीतिक दल सम्वन्धी ऐन, २०७३ र राजनीतिक दल सम्वन्धि (दोस्रो संसोधन) नियमावली, २०७८ ले राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को नियम (५) लाई संशोधन गर्ने नियम (२) उपनियम (१) वमोजिम छुट्टै नयाँ दल दर्ता गर्ने भनी सो दलको तीस सदस्यीय केन्द्रिय समितिको हस्ताक्षर मध्ये संघीय संसदको संसदीय दलका ७ (सात) जना सदस्य सहित उक्त दलबाट अलग भई राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को नियम (५) बमोजिम छुट्टै "जनता समाजवादी पार्टी" नामक राजनीतिक दल गठन गर्न राजनैतिक दल सम्बन्धी नियमावली, २०७४ को अनुसूचि ५ को ढाँचामा मिति २०८१।१।२३ मा यस आयोगमा निवेदन दर्ता हुन आइ मिति २०८१।१।२३ गते "जनता समाजवादी पार्टी नेपाल" को संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरु मध्ये राष्ट्रिय सभामा ३ जना र प्रतिनिधि सभामा १२ जना सदस्य गरी जम्मा १५ जना सदस्यहरु भएकोमा आयोग समक्ष उपस्थित भई ७ जना सदस्यहरुले सनाखत गरेको देखिन्छ। राजनीतिक दल सम्वन्धि ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश राजनीतिक दल सम्वन्धि (दोश्रो संशोधन) अध्यादेश, २०७८ मिति २०७८।०५।०२ गतेबाट लागु भएकोमा सो अध्यादेश प्रतिस्थापन गर्ने ऐन जारी भई नसकेको अवस्था रहेको हुँदा यो अध्यादेश निष्क्रिय अवस्थामा रहेको देखिन्छ। ऐ० अध्यादेश क्रियाशिल रहदा राजनीतिक दल सम्वन्धि (दोस्रो संशोधन) नियमावली, २०७८ मिति २०७८।५।३ मा जारी भई लागु भै रहेको अवस्था रहेको छ। अत: जनता समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलबाट छुटै दल दर्ता गर्नको लागि जनता समाजवादी पार्टी नामक दल दर्ता गर्न आयोगमा मिति २०८१।१।२३ मा निवेदन दर्ता भएको विद्यमान अवस्थामा प्रस्तुत विषयको निरुपण नगरी रहन मिल्ने अवस्था रहेन। संघीय संसदका सदस्यहरु अशोक कुमार राई, उदयपुर, नवल किशोर साह सुडी, सप्तरी , रन्जु झा,

सप्तरी, वीरेन्द्र प्रसाद महतो, सिरहा, प्रदीप यादव, पर्सा, हसीना खान, बाँके, सुशिला श्रेष्ठ, ताप्लेजुङ गरी ७ जनाले सनाखत गरेको अवस्था समेत देखिन्छ ।

तसर्थ निर्वाचन आयोगमा रहेको अभिलेख र संघीय संसदको आधिकारीक वेबसाइटमा प्रकाशित विवरण बमोजिम "जनता समाजवादी पार्टी नेपाल" मा राष्ट्रिय सभामा ३ जना र प्रतिनिधी सभामा १२ जना गरी संघीय संसदका जम्मा १५ जना सदस्यहरु मध्ये ७ जना सदस्यहरुको सनाखत भएको देखिएको अवस्थामा सनाखत गर्ने सदस्यहरु उक्त दलका संघीय संसदका सदस्यहरुको ४६.६६ (छयालिय दशमलव छ छ ) प्रतिशत रहेको देखिँदा राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को नियम ५ बमोजिम संघीय संसदको संसदीय दलको सदस्यहरु बीस प्रतिशत भन्दा वढी नै हुन आएकोले नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्वन्धि ऐन, २०७३ को दफा ३३ र राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को नियम ५ वमोजिम देहाय वमोजिम गर्ने गरी यो निर्णय गरियो ।:-

(१) नेपालको संविधाने, राजनीतिक दल सम्वन्धि ऐन, २०७३, राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ तथा प्रचलित संघीय कानून बमोजिमका प्रावधान पालना गर्ने शर्तमा राजनीतिक दल सम्वन्धि ऐन, २०७३ को दफा ३३ र राजनीतिक दल सम्वन्धि नियमावली, २०७४ को नियम ५ वमोजिम "जनता समाजवादी पार्टी" संक्षिप्तमा (जनता समाजवादी)" अंग्रेजीमा "People's Socialist Party, संक्षिप्तमा (People Socialist)" नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखिकरण गर्ने,

(२) "जनता समाजवादी पार्टी" ले पेश गरेको विधान "जनता समाजवादी पार्टीको विधान, २०८१" अभिलेखिकरण गर्ने ।

(३) "जनता समाजवादी पार्टी" ले माँग गरेको "आयातकारमा ३:२ अनुपातमा लम्वाई चौडाई रहने र रातो रंगको पृष्ठभूमिमा बिचमा सुनौलो रंगको पाँचकुने तारा रहने" दलको झण्डा प्रदान गर्ने ।

(४) "जनता समाजवादी पार्टी" ले माँग गरेको छाप "पाँच कुने तारा वीचमा राखि देवनागरीक र तल अंग्रेजीमा गोलाकारमा पार्टीको पुरानाम र मुनी समितिको नाम र पार्टी स्थापनाको साल उल्लेख भएको" दलको छापा प्रदान गर्ने ।

CamScanner

(५) "जनता समाजवादी पार्टी" ले माँग गरेको "मुट्ठी" दलको चिन्हको हकमा मिति २०८०।१२।२१ को आयोगको निर्णय बमोजिम उक्त "मुट्ठी" चिन्ह कुनै पनि दललाई प्रदान गर्न नमिल्ने हुँदा आयोगमा दर्ता कायम रहेका दलहरुको चिन्हसँग नयाँझिने गरी अन्य कुनै उपयुक्त चुनाव चिन्ह प्रदान गर्न "जनता समाजवादी पार्टी" लाई निर्देशन दिने।

(६) राजनीति दल सम्बन्धि ऐन, २०७३ को दफा ४ को उपदफा (५) बमोजिम "जनता समाजवादी पार्टी" नामक दल दर्ता भएको सुचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

(७) दल दर्ताको जानकारी र दल दर्ताको प्रमाणपत्र "जनता समाजवादी पार्टी" लाई दिई संघीय संसद सचिवालय, सबै प्रदेश सभा सचिवालय र सबै प्रदेश सभा सचिवालय र सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई समेत दर्ताको जानकारी दिने।

(८) नयाँ गठन भएको "जनता समाजवादी पार्टी" मा सो दल गठन हुनुभन्दा तत्काल अघिको "जनता समाजवादी पार्टी नेपाल" को तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय सदस्यले प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयम् उपस्थित भई सनाखत गराउन आयोगको सचिवालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्न र सोही बमोजिम गर्न गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने।

२. **विपक्ष निर्वाचन आयोग समक्ष विपक्षहरुले छुट्टै नयाँ दल दर्ताको लागि कायम नै नरहेको कानूनलाई अनुसरण गरी निवेदन गर्दाको अवस्थामा कानूनको अभावमा माँग बमोजिम छुट्टै नयाँ दल दर्ता गर्न इन्कार गर्नु पर्नेमा दल दर्ता सम्बन्धी विद्यमान कानूनी प्रावधानहरु विपरीत छुट्टै नयाँ दल दर्ता गर्ने गरी विभिन्न ८ बुँदामा विपक्ष निर्वाचन आयोगबाट भएको निर्णय गम्भीर कानूनी त्रुटीयुक्त रहेको सम्बन्धमा निम्न प्रकरणहरुमा विस्तृत निवेदन जिकिर प्रस्तुत गर्दछु।**

क. प्रथमतः राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ३३ मा "दल त्याग गरेको नमानिने" भन्ने शिर्षक अन्तर्गत उपदफा (१) को खण्ड (क),(ख),(ग) र (घ) मा विभिन्न प्रावधानहरु मार्फत के कुन अवस्थाहरु मा दल त्याग गरेको नमानिने भन्ने विशेष प्रावधान गरेको छ। त्यस अतिरिक्त सोही दफा ३३ मा उपदफा (२) मा मार्फत एक अलग विशिष्ट व्यवस्था संशोधन हुनु पूर्व रहेको थियो। जस अनुसार **"कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरु समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन"** भनी एक विशिष्ट उन्मुक्ति सहितको प्रावधान रही

CamScanner

आएकोमा सो संशोधन हुनु पूर्वको मुल प्रावधानलाई कार्यान्वयन गर्नका लागि राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ मा निम्नानुसारको व्यवस्था गरिएको देखिन्छ।

५. **छुट्टै नयाँ दल बनाउन सक्ने:-** (१) संघीय संसदमा प्रतिनिधित्व गर्ने कुनै दलको केन्द्रीय समिति र संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले ऐनको दफा ३३ को उपदफा (२) बमोजिम छुट्टै नयाँ दल बनाएमा त्यस्तो दल दर्ताको लागि देहाय बमोजिमका विवरण तथा कागजात सहित अनुसूची–५ बमोजिम आयोग समक्ष निवेदन दिनु पर्नेछ :–

(क) दलको विधान, नियमावली तथा घोषणापत्र,

(ख) दलको झण्डा तथा चिन्ह (लोगो) को नमूना,

(ग) साविकको दलका केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनोउन समर्थन गरी हस्ताक्षर गरेको अनुसूची–६ बमोजिमको समर्थनपत्र,

(घ) कम्तीमा एक्काइस सदस्य भएको केन्द्रीय समितिको व्यवस्था, र

(ङ) आयोगले आवश्यक ठानेका अन्य विवरण तथा कागजात।

राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ३३(२) को व्यवस्थाको कार्यान्वयनको लागि उपरोक्त उद्धृत नियम ५ अनुसारको प्रावधान भै रहदा, उक्त मुल दफा ३३(२) लाई ***"राजनीतिक दल सम्बन्धी (दोश्रो संशोधन) अध्यादेश, २०७८"*** (खण्ड ७१ अतिरिक्ताङ्ग ३३ नेपाल राजपत्र भाग २ मिति २०७८/०५/०२) द्वारा साविकमा भै रहेको व्यवस्थालाई संशोधन गर्दै साविकको मुल प्रावधान ***"केन्द्रीय समिति र सघीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले"*** भन्ने शब्दहरुलाई खारेज गर्दै सो शब्दहरुको सट्टा ***"महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको बीस प्रतिशत वा सो भन्दा बढी सद्स्य वा त्यस्तो दलको सघीय संस्दको संसदीय दलको बीस प्रतिशत वा सो भन्दा बढी सदस्यले एकै पटक"*** भन्ने नयाँ शब्दहरु राख्दै पुराना मुल व्यवस्थालाई खारेज गरेको छ।

ख. कानून व्याख्याको सर्वमान्य नियम अनुसार, ऐनको कुनै प्रावधानलाई संशोधन गर्दै पछिल्लो ऐनेले कुनै नयाँ व्यवस्था गरेको अवस्थामा पुराना प्रावधान अनुसार सम्पन्न भै सकेको कार्यले निरन्तर कानूनी मान्यता प्राप्त गरी रहने भए तापनि खारेजी वा परिवर्तन गरिए पश्चात निष्कृय भएको प्रावधानले पूर्ववत रुपमा यथावत कानूनी मान्यता प्राप्त गरी रहन सक्दैन।

राजनीतिक दल सम्बन्धि ऐन, २०७३ ऐनको दफा ३३(२) को मुल प्रावधानलाई "राजनीतिक दल सम्बन्धी (दोश्रो संशोधन) अध्यादेश, २०७८" को दफा २ (१) द्वारा परिमार्जन गरी रहेको अवस्था

CamScanner

एकातिर विद्यमान रहेकोमा उक्त मुल प्रावधानलाई प्रतिस्थापन गर्ने गरी आएको अध्यादेश नै नेपालको संविधानको धारा ११४ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम सम्मानित राष्ट्रपतिबाट मिति २०७८/६/११ गतेबाट खारेज गरी सोको सूचना खण्ड ७१, असोज ११ गते, २०७८ साल (अतिरिक्ताङ्क ३८(क) को नेपाल राजपत्रमा प्रकाशित समेत गरिसके पश्चात राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२(२) को साविकको मुल प्रावधान र तदपश्चात अध्यादेशद्वारा परिमार्जन गरिएको नयाँ प्रावधान (अर्थात दुबै प्रवधान) निष्कृय हुन गई, समग्रमा उक्त दफा ३२(२) नै निष्कृय भै कानूनको शुन्यताको अवस्था विद्यामान रही रहेको छ। त्यही भएर पनि कानूनी शून्यतालाई सम्बोधन गर्न संघीय संसद सचिवालय समक्ष "राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०८०" नेपाल सरकाकरको तर्फबाट दर्ता भइ हाल बिचाराधिन अवस्थामा रहेको छ।

ग. जहाँसम्म राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ अनुसार मिति २०८१।०१।२४ गते विभिन्न ८ वटा बुँदाहरुमा विपक्ष निर्वाचन आयोगबाट निर्णय भइ, सो निर्णयको कार्यान्वयनको क्रममा दर्ता, प्रमाण पत्र वितरण, पत्राचार लगायतका कार्यहरु भै रहेको छ, सो सम्बन्धमा हेर्दा,-

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागिं उक्त नियमावली ल्याइएको र जसरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ हाल पनि प्रचलनमा रही अरु सबै दफा कृयाशील रही रहेको भए पनि दफा ३२(२), ४८(१), ५२ को प्रतिबन्धात्मक वाक्यांश र ५३ को प्रतिबन्धात्मक वाक्याँश निस्कृय भै रहको अवस्था छ, ठिक सोही अनुसार ऐनको मुल प्रावधानका लागि बनाइएका राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ प्रचलनमा रहे पनि, ऐनको दफा ३२ को उपदफा (२) नै निष्कृय भै रहेको वर्तमानको अवस्थामा दफा ३२ (१) ले छुट दिएका अवस्थाहरु बाहेकका अन्य अवस्था अर्थात (उपदफा (२) अनुसारको विशिष्ट उन्मुक्ति र सुविधा) अनुसार दल त्याग गरेमा हालको कानूनी शून्यताको अवस्थामा उन्मुक्ति प्राप्त भै रहन सक्ने नभए पश्चात ऐनको दफा ३२(२) लाई कार्यान्वन गर्न र त्यसलाई प्रकृयागत रुपमा सहजिकरण गर्न बनाइएको विशेष नियम- राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५; ऐनको दफा ३२(२) को निष्कृयता संगै अन्तरप्रभावी नियम यथावत पूर्ववत रुपमा कायम र प्रयोग हुन सक्ने (ऐनको दफाको प्रावधान लागु भै रहेको अवस्था जस्तै) अर्थ गर्न, बुझाई निर्माण गर्न, वा त्यस अनुसार व्याख्या गर्न कानून व्याख्याको सर्वमान्य नियमले छुट दिएको छैन।

घ. म निवेदक अध्यक्ष रहेको "जनता समाजवादी पार्टी नेपाल" संग तत्काल आवद्ध रही हाल कानून विपरीत दल त्याग गरि गएका विपक्ष नं० २ देखि ८ सम्मका विपक्षहरु ***(४०६ जना सदस्य रहेको केन्द्रीय कार्य समितको ४०% भन्दा कम संख्याका विपक्षहरु),*** कानून निर्माण गर्न पाउने अख्तियारी अन्तर्गत विधायिकाद्वारा निर्मित राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२(२) को मुल प्रावधानलाई

तर्जुमा गरी सके पश्चात सोलाई कार्यान्वनय गर्न प्रत्योजित विधायन अन्तर्गत बनाइएको नियमावलीमा समग्र ऐनको साथै तत्काल कायम रहेको दफा ३२(२) को व्यवस्थालाई कार्यान्वयनको लागि राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ तर्जुमा गर्दै दफा ३२(२) का लागि नियम ५ मा जे जस्तो कार्यविधि र प्रकृया निर्धारण गरे पनि, कानून निर्माणको श्रोतको रुपमा रहेको विधायिकीए अधिकार अन्तर्गत २०७८ सालमा ऐनको उक्त दफा ३२(२) मा भै रहेको साविकको व्यवस्थालाई संशोधन गरी नयाँ प्रावधान लागु गरी सके पश्चात तथा संशोधनबाट गरिएका प्रावधानलाई पनि यथावत कायम राखी राख्न उपयुक्त नठान्दै संशोधनद्वारा गरिएको प्रावधानलाई निष्कृय गरी सकेको वर्तमानको अवस्थामा, ऐनको जन्मका साथ तर्जुमा गरिएको दफा ३२(२) मा भै रहेको व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्यायोजित विधायन अन्तर्गत बनाइएको नियमावलीको नियम ५ (जुन ऐनको दफा ३२(२) लाई कार्यान्वयनको लागि व्यवस्था गरिएकोमा जन्मदाता मुल दफा नै निष्कृय हुन गएको अवस्थामा त्यसलाई कार्यान्यवन गर्न नसकिने भई स्वतः निषकृय हुन जाने) लाई अनुशरण गरी विपक्षहरुले छुट्टै नयाँ दल दर्ताको लागि निवेदन गर्नुबाट ऐनले *"दल त्याग गरेको नमानिने गरि प्रदान गरेको विशेष उन्मुक्ति"*को अभावमा विपक्ष नं० २ देखि ८ सम्मका व्यक्तिहरु स्वस्फूर्तरुपमा आफू आवद्ध रहेको दल जसलाई प्रतिनिधित्व गर्दै निर्वाचित भइ रहेको अवस्थामा, दल त्याग गरेको मानिने हुनाले, दल त्याग गरी आएका व्यक्तिहरुको प्रतिनिधि सभाको सदस्यको पद समेत कायम रहन नसक्नेमा, विपक्ष आयोगबाट *"दल त्याग गरेको नमानिने गरि"*स्वस्फूर्द रुपमा विशिष्ट उन्मुक्ति प्रदान गर्दै छुट्टै नयाँ दल दर्ताको कार्य गर्नु विधायिकिए मनसाय विपरीत हुन गइ कानूनले प्रदान गर्दै नगरेको अख्तियारी अन्तर्गतको कार्य हुन गइ जन्मजात बदर भागी रहेको छ।

ङ. *माथि प्रकरण २ को खण्ड (क) देखि (घ) सम्म उल्लेख गरेको निवेदन जिकिरमा प्रतिकुल असर नपर्ने गरी, वैकल्पिक रुपमा, राजनीतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ३२(२) मा गरिएको संशोधन पूर्वको प्रावधान जसलाई कार्यान्वियनको लागि बनाइएको नियमावली, २०७४ को नियम ५, वर्तमानको अवस्थामा पनि यथास्थितीमा लागु रहि रहन सक्छ भनि एकछिनको लागि विपक्षीहरुसंग वहकिदिइ हेर्दाको अवस्थामा पनि विपक्षहरुबाट दल दर्ता गर्नेगरी भएको कार्यहरु (निवेदन, निर्णय, पत्राचार, सूचना) कानून विपरीत नै रहेको सम्बन्धमा निम्नानुसारको वैकल्पिक निवेदन जिकिर प्रस्तुत गर्दछु -*

ङ १. संशोधन हुनु पूर्व कायम रहेको ऐनको दफा ३३ (२) मा "कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरु समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन" भनि प्रवधान भएको र सोही अनुसार नियमावलीको नियम ५ मा रहेको देखिन्छ। जस अनुसार केन्द्रीय समितिको कुल सदस्य संख्याको ४०% र संघीय संसदका संसदीय दलका कम्तीमा

४०% सदस्य हुनु जरुरी देखिन्छ । म निवेदक अध्यक्ष रहेको जनता समाजवादी पार्टी नेपालको केन्द्रिय समितिमा कुल ४०६ सदस्य रही रहेको र विपक्ष आयोगले नै सो संख्यालाई मान्यता दिएको अवस्था समेत रही रहेको अवस्थामा ४०६ सदस्यको ४०% ले हुन आउने सदस्य संख्या अर्थात १६३ जना केन्द्रिय समितिको अनिवार्य संलग्नता हुनु पर्दछ । जुन नभएको कारणबाट पनि गैर कानूनी रहेको छ ।

त्यस्तै ऐनको दफा ४३ मा "विवादको निरुपण" भन्ने शिर्षक अन्तर्गत "दुई वा दुई भन्दा बढी दलहरुबीच वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षहरु बीच" देहायका विषयमा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरुपण आयोगबाट हुनेछ, भन्दै खण्ड (क) ले "दलको नाम", खण्ड (ख) ले "दलको छाप, विधान, झण्डा वा चिन्ह", र खण्ड (ग) ले "दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता" जस्ता विवादको निरुपण आयोगबाट हुने भए पनि नियमावलीको नियम २३ बमोजिम विवाद निरुपणको प्रकृया निर्धारण गर्दै सो प्रकृया अनुसार प्रमाण पेश गर्न लगाई त्यसको मूल्याँकन गरी विवादको निरुपण आयोगबाट हुनु पर्ने हुन्छ ।

ऐनको दफा ३३(२) र नियमावलीको नियम ५ ले "*केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत*" भनि उल्लेख हुनु र दफा ४३(ग) ले "दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता" जस्ता विषय उल्लेख हुनु साथै नियम ५ को अधिनमा रही नयाँ छुट्टै दलको दर्ताको लागि आवेदन गर्नका लागि खुलाउनु पर्ने र पेश गर्नु पर्ने विवरणहरुको सम्बन्धमा नियमावलीको अनुसूची ५ मा उल्लेखित विभिन्न प्रकरणहरु मध्ये प्रकरण ४ मा संलग्न गर्नुपर्ने विवरण तथा कागजातहरुमा, (क) केन्द्रीय समितिले दल दर्ताको लागि गरेको निर्णयको प्रतिलिपि, (ख) दलको विधान, (ग) दलको नियमावली, (घ) दलको घोषणापत्र, (ङ) दलको झण्डा, चिन्ह (लोगो) को नमूना, (च) साविकको दलका केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाउन समर्थन गरी हस्ताक्षर गरेको समर्थनपत्र र (छ) दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरुको नागरिकता वा मतदाता परिचयपत्रको प्रतिलिपि, जस्ता विवरण र कागजात समेत पेश गर्नु पर्ने गरी भै रहेको प्रावधानबाट सम्बन्धित दलको "केन्द्रीय समिति र संघीय संसदका संसदीय दलको" सर्वप्रथम बैठक बसी तत् विषयमा निर्णय लिइ अनि हस्ताक्षर लगायतको कार्य संकलन गरि निवेदन पेश गरेको हुनु पर्ने देखिन्छ । यसरी निवेदन पेश गर्दा केन्द्रीय दलको संसदको चालिस प्रतिशत र केन्द्रिय समितिको चालीस प्रतिशत सदस्यको अनिवार्य हस्ताक्षरमा सम्पूर्ण सदस्य निर्वाचन आयोग समक्ष उपस्थित भई दावी प्रस्तुत गर्नु पर्ने किटानी कानूनी व्यवस्था रहेको देखिए पनि त्यसको प्रतिकुल केन्द्रीय कार्य कारिणी समिति, केन्द्रिय समिति वा पार्टीको संसदीय दल समेत कुनै पनि ईकाई/निकायको निर्णय विना दलमा आवद्ध रहेको, नरहेको ३३ जनाको हस्ताक्षरमा छुट्टै दल

दर्ताको दावी पेश गरेको तथाकथित पार्टीको अध्यक्ष अशोक राई समेतको दावी प्रथम दृष्टिमै खारेज गर्नु पर्नेमा सो नगरी कायम नै नरहेको कानूनको आधारमा छुट्टै दल दर्ता गर्ने गरी भएको सम्पुर्ण काम कारवाही निर्णय, पत्राचार, सूचना गैर कानूनी रही बदर योग्य रहेको छ।

ङ.२. विपक्ष निर्वाचन आयोगमा तत्काल दल दर्ता नं० १३६ मार्फत दर्ता रहेको "राष्ट्रिय जनता पार्टी नेपाल" र दर्ता नं० १५१ को "समाजवादी पार्टी" मिति २०७७/३/२८ गतेमा एकिकरण भै "जनता समाजवादी पार्टी नेपाल" नामक राजनैतिक दल दर्ता तथा कायम भएको अवस्थामा सो दलबाट मिति २०७८/५/२ गते पार्टीबाट एक समूह निस्की छुट्टै राजनैतिक दल कायम भएको हुँदाको अवस्थामा अर्को राजनैतिक दल कायम हुन पुगेको अभिलेख विपक्ष निर्वाचन आयोग समक्ष विद्यमान रही नै रहेकोछ। यस अवस्थामा यो जनता समाजवादी पार्टी नेपालको नाम जस्ताको त्यस्तै रहे पनि यस दलबाट अर्को राजनैतिक दल "लोकत्रान्त्रिक समाजवादी पार्टी" नयाँ पार्टीको रुपमा स्थापना हुन पुग्दा उक्त दलको दृष्टीकोणबाट म निवेदक अध्यक्ष रहेको दल पनि एक नयाँ दलकै रुपमा सो छुटेको मितिबाट मानिने हुँदा ऐनको दफा ३३(२) अनुसार सो मितिले पाँच वर्ष नपुगञ्जेल सम्म पुन: यस दलबाट अर्को छुट्टै दल गठन हुन नसक्ने हुँदाहुदै र यस विषयमा गम्भीर व्याख्याको आवश्यक्ता समेत रही रहदा त्यस तर्फ बिचार नै नगरी विपक्ष निर्वाचन आयोगबाट हतार हतारमा निष्कृय भै रहेको कानूनको हवाला दिदै छुट्टै नयाँ दलको रुपमा दर्ताका लागि दिएको निवेदनमा निवेदन माँग अनुसार दल दर्ताको निर्णय गर्नु त्रुटीपूर्ण रहेको छ।

३. अत: माथि प्रकरण प्रकरणहरुमा उल्लेखित निवेदन जिकिर एवं जनता समाजवादी पार्टी नेपालको विधान, २०८० को धारा २९, धारा ३० बमोजिमको केन्द्रीय समितिको निर्णय नै नभई स्वयम कार्यवाहक अध्यक्ष रहेको बेलामा वैठक समेत नबोलाई पार्टी कार्य पद्धतिलाई वेस्वास्ता गर्दै, अध्यक्ष अनुपस्थित रहेको अवस्थामा संघीय परिषद अध्यक्ष, संसदीय दलको सदस्यहरुले विधान तह रहेको व्यवस्था र प्रचलित ऐन कानून विरुद्ध जनता समाजवादी पार्टी नेपालको विभाजन गर्ने अधिकार पार्टीको कुनै वैठक नै नबसी विपक्षहरु २ देखि ८ सम्म नरहेको अवस्था र कायम नै नरहेको राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफ़ा ३३ (२) को अधिनमा रही छुट्टै नयाँ पार्टी दर्ता गर्न विपक्ष निर्वाचन आयोग समक्ष निवेदन दर्ता गराउँदा, एकातर्फ त्यसरी दर्ता गराउन पाउने कानून नै खारेज भएको अवस्था, अर्को तर्फ कुल केन्द्रीय सदस्य संख्या के कति रहेको र निवेदन के कति जनाको परेको भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ गरी मात्र निर्णयमा पुग्नु पर्नेमा निवेदन दर्ता हुनासाथ २४ घण्टा पनि नबित्दै पहिले दर्ता भै रहेके नाम "जनता समाजवादी पार्टी नेपाल" को नामसंग हुवहुँ नाम मिल्ने गरी "जनता समाजवादी पार्टी" दर्ता गर्ने निर्णय गरी सो अनुसार दर्ताको प्रमाण पत्र समेत जारी गरी सम्बन्धित निकायहरुलाई पत्राचार गर्ने गरी

CamScanner

भएको कार्यहरु क्षेत्राधिकारको अभाव (Lack of Jurisdiction) र बदनियतपूर्ण कार्य रहेकोले यसमा निम्न अनुसारको आदेशहरु जारी गरी पाउँ।

क. विपक्ष निर्वाचन आयोग समक्ष कायम नै नरहेको कानून (राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ (२)) को अनुशरण गरी परेको निवेदन अनुसार छुट्टै नयाँ राजनीतिक दल दर्ता गर्न नमिल्ने हुँदाहुँदै विपक्ष निर्वाचन आयोगको बैठक संख्या १२/२०८ मिति २०८१/०१/२४ गतेमा बसेको बैठकमा प्रस्तुत प्रस्ताव नं० ३० को सन्दर्भमा विभिन्न ८ बुँदाहरुमा गरिएको निर्णयहरु, जुन खारेज भएको मुल दफा र अध्यादेश र सोही बमोजिमको नियमावलीको नियम ५ को कानूनले त्यस अनुसार निर्णय गर्न सहयोग गर्दैन, साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३, ३३(२) बमोजिम संसदीय दल र केन्द्रीय समिति समेतको दुबै अनिवार्य ४०% नपुगी दलदर्ता गर्ने कार्य गम्भरीर रुपमा क्षेत्राधिकारको त्रुटी र क्षेत्राधिकारको दुरुपयोग (Error of Jurisdiction and Abuse of Jurisdiction) रहेकोले विपक्ष निर्वाचन आयोगको मिति २०८१/०१/२४ गतेको दल दर्ता गर्ने निर्णय र सो प्रयोजनको लागि विभिन्न बुँदाहरुमा (बुँदा नं० १ देखि ८ सम्म) भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाउँ।

ख. सोही निर्णयको बुँदा नं० ६ अनुसार "जनता समाजवादी पार्टी" नामक दल दर्ता भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी भएको निर्णय अनुसार राजपत्रमा प्रकाशित सूचनालाई समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ।

ग. सोही निर्णयको बुँदा नं० ७ अनुसार जारी गरिएको जानकारी पत्र समेत उत्प्रेषणको आदेशले बदर गर्दै सो सूचना पत्रको आधारमा तत तत निकायहरुले राखेको अभिलेख समेत बदर गरी पाउँ।

घ. सोही निर्णयको बुँदा नं० ८ अनुसार सनाखत गराउने प्रयोजनको लागि जारी गरिएको सूचनालाई उत्प्रेषणको आदेशले बदर गर्दै सनाखत सम्बन्धी प्रकृया यथास्थितीमा राख्नु भनि प्रतिषेधको आदेश जारी गरी पाउँ।

ङ. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ विपरीत दल त्याग गरी जाने विपक्ष नं० २ देखि ८ सम्मका विपक्षीहरुको रहेको संघीय संसदको सदस्य पद राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ को अधिनमा रही खारेज गर्नु भनि परमादेशको आदेश जारी गर्दै निजहरुलाई संघीय संसदको सदस्यको हैसियतले कुनै पनि कार्य गर्न नदिनु भनि प्रतिषेध लगायत परमादेशको आदेश समेत जारी गरि पाउँ।

प्रकरण ३ बमोजिम रिट निवेदनको टुङ्गो लाग्न समय लाग्न सक्ने भएको र त्यस अवस्था सम्ममा तत्काल अन्तरीम आदेश जारी नगरिए प्रस्तुत निवेदनको औचित्य नै समाप्त हुन जानुको साथै कानून

CamScanner

निर्माण गर्न स्थलमा कानून विपरीत कार्यगर्ने व्यक्तिहरुको प्रतिनिधित्व हुन गई विपक्षहरुको गैर कानूनी कृयाकलापको निरन्तरता, कानूनको उपहासको बढावा समेत हुन जाने भएको हुँदा प्रस्तुत रिट निवेदनमा निम्न लिखित व्यहोराको अन्तरिम आदेश जारी गरि पाउँ।

क. विपक्ष निर्वाचन आयोगको बैठक संख्या १२/२०८ मिति २०८१/०१/२४ गतेमा बसेको बैठकमा प्रस्तुत प्रस्ताव नं० ३० को सन्दर्भमा गरिएको विभिन्न ८ बुँदाको निर्णयहरु प्रथम दृष्टीमा कानूनको त्रुटी (Error of Law) भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा यथास्थितीमा राखि राख्नु भनि अन्तरीम आदेश जारी गरि पाउँ,

ख. प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नहुञ्जेल सम्म विपक्ष नं० २ देखि ८ सम्मलाई संघीय संसदको सदस्यको पद निलम्वन अवस्थामा राखी निजहरुलाई कुनै पनि संसदीय गतिविधिमा सहभागी हुन नदिनु र दलको नाम, झण्डा र छाप समेत प्रयोग नगर्नु, गर्न नदिनु।

५. निबेदनमा उठाईका विषयवस्तु कानूनको शासन, सार्वजनिक सरोकार, मानव अधिकार, तथा सवैभन्दा महत्वपूर्ण सार्वभौम नागरिकद्वारा निर्वाचित जनप्रतिनिधिको संघीय संसदको पद कायम रहन सक्ने नसक्ने जस्ता अति आवश्यक विषयसंग सम्बन्धित भएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३ को अधिनमा रही इजलाशबाट नै प्रस्तुत रिट निवेदनमा सुनवाई हुने मिति किटान गरी अग्राधिकार प्रदान गरि पाँऊ।

६. यस विषयमा समानान्तर अधिकार भएको अन्य अदालतमा मुद्दा दायर गरेको छैन।

७. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ बमोजिम लाग्ने निवेदन दस्तुर नगदै संलग्न छ।

८. निम्नानुसारको कागजातहरु यसैसाथ संलग्न छ-

(क) केन्द्रीय कार्यकारिणी समितिको बैठकले अख्तियार दिने गरेको निर्णयको प्रतिलिपि ———— १

(ख) निर्वाचन आयोगको मिति २०८१/१/२४ को निर्णयको प्रतिलिपि ———— १

(ग) मिति २०७८।६।११ को राजपत्रको फोटोकपी ———— १

(घ) राजनीतिक दल सम्वन्धि ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक २०८० ———— १

(ङ) विपक्षी नं २ देखि ८ सम्मले तथाकथित दल दर्ता गर्न अनुसुचि ७ वमोजिम पेश गरेको विवरण —— १

(च) विपक्षि नं १ ले मान्यता दिएको जनता समाजवादी पार्टी नेपालको केन्द्रिय समिति सदस्यको ४०६ देखिने सदस्यको नामावली ———— १

(छ) विपक्षी नं ९ को आफुलाई महासचिव भनि अनिधिकृत छाप लोगो झण्डा प्रयोग गरी मिति २०८१।१।२४ मा च.न.१ उल्लेख गरी निकालेको प्रेश विज्ञप्तीको प्रतिलिपि ———— १

CamScanner

(ज) मिति २०८१।०१।२४ मा विपक्षी नं १ ले दल दर्ता नं १९८ उल्लेख गरी दिएको दल दर्ता प्रमाण पत्रको प्रतिलिपि ———— १

(झ) निर्वाचन आयोगको मिति २०७७/०३/२८ को दल दर्ताको प्रमाणपत्रको फोटोकपी ———— १

(ञ) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ———— १

९. यसमा लेखिएको व्यहोरा ठिक साचो छ फरक ठहरेमा कानून बमोजिम सहुला बुझाउँला।

निवेदक

निज वा. प्रकाश अधिकारी

इति संवत २०८१ साल वैशाख महिना ३० गते रोज १ शुभम ————